# इकाईका कर्मचारीहरू बीच ज्ञान आदानप्रदान कार्यक्रम

वित्तीय जानकारी इकाईले २०८० चैत २७ गते मंगलबारका दिन इकाईका कर्मचारीहरू बीच ज्ञान आदान-प्रदान कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा इकाई प्रमूख/निर्देशक सहित इकाईका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



उक्त कार्यक्रममा हालै वैदेशिक तालीममा सहभागी भएका इकाईका सहायक निर्देशकत्रय सत्येन्द्रमणि त्रिपाठीले APG/FATF Assessor Training, अर्जुन सुवेदीले Improving STR/SAR quality तथा आश्मा ज्ञवालीले Enhancing effectiveness of AML/CFT Framework and Beneficial Ownership विषयमा प्रस्तुती गरी सो सम्बन्धी तालीममा सिकेका ज्ञान आदानप्रदान गर्नुभएको थियो । कार्यक्रम सञ्चालन गर्दै उप-निर्देशक स्वरुप श्रेष्ठले प्रस्तुत विषयबस्तुको बारेमा आफ्नो धारणा तथा सुझाव राख्नु भएको थियो ।

कार्यक्रमका प्रस्तुती सम्बन्धमा सहभागीहरुले राखेका जिज्ञासा तथा सुझावलाई सम्बोधन गर्दै इकाई प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले STR/SAR को गुणस्तरमा सुधार तथा AML/CFT Framework को प्रभावकारिता अभिवृद्धि सम्बन्धमा नेपालले गरेको पछिल्लो प्रगती तथा उपलब्धी र वित्तीय जानकारी इकाईको समन्वयकारी भूमिका बारे जानकारी दिनुभएको थियो ।